आज मिति २०८१ साल फाल्गुण २६ गते सोमबारका दिन मण्डनदेउपुर नगरपालिकाका नगरप्रमुख श्री टोक बहादुर तामाङको अध्यक्षतामा मण्डनदेउपुर नगरपालिका, नगरकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम १० बमोजिम निम्न पदाधिकारीहरूको उपस्थितिमा नगरकार्यपालिकाको ५४औं बैठक बसी देहायबमोजिम निर्णयहरू गरियो ।

उपस्थिति

| क्र.सं. | पद | कार्यालय | नाम, थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | नगर प्रमुख | मण्डनदेउपुर न.पा. | श्री टोकबहादुर तामाङ | | |
| २ | नगर उपप्रमुख | मण्डनदेउपुर न.पा. | श्री विष्णुमणि नेपाल | | |
| ३ | वडा अध्यक्ष | वडा नं. १ | श्री शिवप्रसाद ढकाल | | |
| ४ | वडा अध्यक्ष | वडा नं. २ | श्री राजकुमार मल्ल | | |
| ५ | वडा अध्यक्ष | वडा नं. ३ | श्री पुरूषोत्तम बजगाईं | | |
| ६ | वडा अध्यक्ष | वडा नं. ४ | श्री मैतेसिं तामाङ | | |
| ७ | वडा अध्यक्ष | वडा नं. ५ | श्री हर्कबहादुर लामा | | |
| ८ | वडा अध्यक्ष | वडा नं. ६ | श्री सोमप्रसाद ढकाल | | |
| ९ | वडा अध्यक्ष | वडा नं. ७ | श्री विष्णुप्रसाद पौडेल | | |
| १० | वडा अध्यक्ष | वडा नं. ८ | श्री निरन्जन विष्ट | | |
| ११ | वडा अध्यक्ष | वडा नं. ९ | श्री सिताराम श्रेष्ठ | | |
| १२ | वडा अध्यक्ष | वडा नं. १० | श्री कुमार तामाङ | | |
| १३ | वडा अध्यक्ष | वडा नं. ११ | श्री दिपेन्द्र लामा तामाङ | | |
| १४ | वडा अध्यक्ष | वडा नं. १२ | श्री राजकुमार पराजुली | | |
| १५ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सुनकुमारी तामाङ | | |
| १६ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री रिता रोका | | |
| १७ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री मैयादेवी तिवारी | | |
| १८ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सविना विसुन्खे रम्तेल | | |
| १९ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सावित्री दमाई | | |
| २० | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सूर्यबहादुर राई | | |
| २१ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री विकासकुमार राई | | |
| २२ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री भेषबहादुर वि.क. | | |
| २३ | सदस्य सचिव | प्र. प्र. अ. | श्री सुरज श्रेष्ठ | | |
| आमन्त्रित | | | | | |
| २४ | लेखा अधिकृत | मण्डनदेउपुर न.पा. | श्री पुष्पराज बजगाईं | | |
| | | | | | |

२०८१/११/२६ गतेको नगर कार्यपालिकाको ५४औं बैठकका एजेन्डाहरू

१. अघिल्लो ५३औं कार्यपालिका बैठकको निर्णय समीक्षा सम्बन्धमा।
२. नं.१ खोराङ देखी जनकल्याण आ.वि. जाने सिडी बाटो पहिरोले क्षति भएकोले बाटो मर्मतका लागि बजेट व्यवस्थापन सम्बन्धमा ।
३. स्रष्टा पदयात्रा नेपालद्वारा मण्डनदेउपुर अध्ययन-अवलोकन, भ्रमण तथा पुस्त क प्रकाशन गर्ने सम्बन्धमा।
४. वडा नं.१ रानीवन स्थित पञ्चकन्या मन्दिर निर्माणका लागि बजेट व्यवस्थापन सम्बन्धमा ।
५. वडा नं.५ तपेश्वर मा.वि. प्राङ्गणमा सरस्वती माताको मन्दिर निर्मीणका लागि बजेट व्यवस्थापन सम्बन्धमा ।
६. नेपाल तामाङ घेदुङ मण्डनदेउपुर नगरकार्य समितिको अन्तर्क्रिया कार्यक्रम व्यवस्थापन सम्बन्धमा ।
७. मेलम्ची खानेपानी विकास समिति गठन आदेश २०७९ संशोधनका लागि नगरपालिकाको राय/सुझाव तथा धारणा पेश गर्ने सम्बन्धमा ।
८. नगर अस्पतालमा कार्यारत मेडिकल अधिकृतलाई प्रोत्साहत भत्ता र चौबीस घण्टा सेवा भत्ता उपलब्ध गराउने सम्बन्धमा ।
९. उपभोक्ता समिति लागत सहभागिता बैंक दाखिला गर्ने सम्बन्धमा ।
१०. अविरण इन्द्रावती कन्स्ट्रक्सन प्रा. लि. नविकरण सम्बन्धमा ।
११. सिरापति इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि. नविकरण सम्बन्धमा ।
१२. सुचिकृत प्रसुति केन्द्र नविकरण सम्बन्धमा ।
१३. पोलिक्लिनिक दर्ता सम्बन्धमा ।
१४. वडा नं. २ मा कर्मचारी व्यवस्थापन सम्बन्धमा ।
१५. प्रधानमन्त्री रोजगार कार्यक्रमको सिपमुलक तालिम सञ्चालन गर्ने सम्बन्धमा ।
१६, सिभिक फोरमद्वारा वडा नं. ३ र ५ मा झोलुङ्गे पुल निर्माण गरे वापत गैसस शुल्क रकम उपलब्ध गराउने सम्बन्धमा ।
१७. सिभिक फोरमद्वारा वडा नं. ३ र ५ मा झोलुङ्गे पुल निर्माणमा १३% लागत साझेदारी रकम उपलब्ध गराउने सम्बन्धमा ।
१८. नगर अस्पतालको रकम भुक्तानी र स्रोत सम्बन्धमा ।
१९. कृषक/कृषि समुह/समिति गठन, दर्ता तथा व्यवस्थापन कार्यविधि पारित सम्बन्धमा ।
२०. मण्डनदेउपुर नगरपालिका कृषि विकास शाखा तर्फका कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ सम्बन्धमा ।
२१. Solve Nepal संस्थालाई कार्यक्रम सञ्चालनका लागि पूर्व स्वीकृति दिने सम्बन्धमा ।

२२. मानेश्वरी व्वाइज क्लबलाई गरेको आर्थिक सहयोग अनुमोदन सम्बन्धमा ।

२३. अपुग बजेट व्यवस्थापन सम्बन्धमा ।

२४. नगर अस्पतालमा कार्यरत मधु वि.क. को डोजरको टायर मर्मत गरि झार्ने क्रममा बाँया हातको कान्छी औला चुडिएकोले उपचारका लागि सहयोग सम्बन्धमा ।

२५. नगर अस्पतालमा कार्यरत मधु वि.क. लाइ हल्का सवारी साधन चालकमा करार नियुक्ति गर्ने सम्बन्धमा ।

२६. पशु स्वास्थ्य तथा पशु सेवा व्यवसाय परिषद् निर्वाचनका लागि सहयोग सम्बन्धमा ।

२७. सुदिपा ट्रेडिङ्ग कम्पनी प्रा.लि.ले कर संकलनको कार्यालय प्रति बिल फिर्ता नगरेको सम्बन्धमा ।

२८. काभ्रेपलाञ्चोक जिल्लामा विपद् (बन डढेलो तथा आगलागी) व्यवस्थापन सम्बन्धि मिति २०८१/१०/१८ मा बसेको बैठकको निर्णय कार्यन्वयन सम्बन्धमा ।

२९. मण्डनदेउपुर नगरपालिकामा करार/दैनिक ज्यालादारीमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, २०८० संशोधन सम्बन्धमा ।

३०. पालिकाभित्र इशाई धर्मावलम्वीहरुको मृत्युपश्चात लाश दफनका लागि जग्गा उपलब्ध गराउने सम्बन्धमा ।

३१. न्यायिक समितिले गरेका निर्णय तथा सहमति कार्यान्वयन सम्बन्धमा ।

३२. एक प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र एक प्राङ्गारिक मल कारखाना स्थापना कार्यक्रम सम्बन्धमा।

३३. विपद् तयारी तथा सहकार्य सम्बन्धमा ।

३४. रुट अनुमती सम्बन्धमा (नगरकोट नयागाउ कुन्ताबेशी सडकमा) ।

३५. होम स्टे खस्रे गुरुङ गाउँ सामुदायिक संचालन अनुमती सम्बन्धमा ।

३६. तपेश्वर मा.वि.मा कार्यालय सहयोगी पदस्थापना सम्बन्धमा ।

३७. विभिन्न मन्दिरहरुको लागत साझेदारी सम्बन्धमा ।

३८. विविध ।

<u>निर्णयहरु</u>

**निर्णय नं. १**

नगरपालिकाको अघिल्लो ५३औं बैठकले गरेका निर्णयहरुको कार्य प्रगतिको प्रस्तुति तथा छलफल गरी निर्णय कार्यान्वयनको समीक्षा गरियो ।

**निर्णय नं. २**

वडा नं. १ खोराङ देखी ढाडागाउ कात्तिके सडक प्राविधिक ला.ई. अनुसार योजनाको आवश्यक कार्यान्वयन गर्ने निर्णय गरियो। वडा नं.१ खोराङ देखी जनकल्याण आ.वि. जाने गोरेटो बाटो पहिरोले क्षति भएकोले प्रधानमन्त्री स्वरोजगारसँग साझेदारीमा मर्मत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

स्रष्टा पदयात्रा नेपालद्वारा मण्डनदेउपुर अध्ययन-अवलोकन भ्रमण गरि नगरपालिकालाई आवश्यक पर्ने पुस्तक छपाई गर्न रु. तीस हजार बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

वडा नं. १ रानीबन स्थित पञ्चकन्या देवी मन्दिर लागत साझेदारीमा निर्माण गर्नका लागि रु. ५०००००/- बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

वडा नं.५ तपेश्वर मा.वि. प्राङ्गणमा सरस्वती माताको मन्दिर निर्माणका लागि रु. एक लाख भन्दा कम हुने गरी अनुदान दिने निर्णय गरियो । वडा नं. २ लुवागाउँ सेतिदेवी मन्दिर निर्माणका लागि लागत साझेदारीमा प्राविधिक इस्टिमेट मुल्याकंन अनुसार भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ६**

नेपाल तामाङ घेदुङ मण्डनदेउपुर नगरकार्य समितिको अन्तर्क्रिया कार्यक्रम व्यवस्थापन गर्न रु. दुई लाख अनुदान दिने निर्णय गरियो ।नेवा समुदायको नेपाल सम्वत् मनाउन कार्यक्रम व्यवस्थापन गर्न रु. दुई लाख अनुदान दिने निर्णय गरियो । र मण्डनदेउपुर नगर मण्डली समितिलाई क्रिष्टमस कार्यक्रम व्यवस्थापन र छाना ट्रस निर्माणका लागि रु. चार लाख अनुदान दिंने निर्णय गरियो । वडा नं. ३ खस्रे तमु समाजलाई तमु ल्होसार कार्यक्रम व्यवस्थापनका लागि रु. दुई लाख अनुदान दिने निर्णय गरियो ।

**निर्णय नं. ७**

मेलम्ची खानेपानी विकास समिति गठन आदेश २०७९ संशोधनका लागि नगरपालिकाको राय/सुझाव तथा धारणा पेश गर्न उप-प्रमुख र वडा नं. ३ का वडा अध्यक्षले अध्ययन गरि आगामी कार्यपालिका बैठकमा जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं. १०**

अविरण इन्द्रावती कन्स्ट्रंक्सन प्रा.लि. नविकरणका लागि नयमानुसार नविकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

सिरापती इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन प्रा.लि. नविकरणका लागि नियमानुसार नविकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

यस मण्डनदेउपुर नगरपालिकाको वडा नं. ७ मा समाज सेवा समुह द्वारा सञ्चालित प्रसुति केन्द्र तथा क्लिनिकलाई संघ, प्रदेश एवम् स्वास्थ्य मन्त्रालयको नियमभित्र रहि मापदण्डको आधारमा आ.व. २०८१/०८२ का लागि आवश्यक प्रक्रिया पुर्याएर नविकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

यस मण्डनदेउपुर नगरपालिकामा वडा नं. ७ मा समाज सेवा समुह द्वारा माग भएको पोलिक्लिनिकलाई संघ, प्रदेश एवम् संघीय स्वास्थ्य मन्त्रालयको नियमभित्र रहि मापदण्ड पुरा भएमा मात्र दर्ता प्रक्रियाका लागि अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. १५**

प्रधानमन्त्री रोजगार कार्यक्रमको सिपमुलक तालिम सञ्चालन नगर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

दिगो विकासका लागि नागरिक सिभिक फोरमले यस मण्डनदेउपुर नगरपालिकाको वडा नं. ३ र ५ जोड्ने गोथेखेत स्टील ट्रस पुल निर्माण गर्दाको गै. स. स. सेवा शुल्क रकम रु. १,३७,४८४/- भुक्तानी गर्ने निर्णय गरियो ।साथै संघीय सशर्त अनुदान (पुँजिगत) अन्तर्गत झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम कार्यन्वयन गर्न मण्डनदेउपुर नगरपालिकाको लागत सहभागिताको लागि आवश्यक १३% रकम व्यवस्थापन गर्ने र खर्च गर्न अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

कृषक/कृषि समुह/समिति गठन, दर्ता तथा व्यवस्थापन कार्यविधि, २०८१ अध्ययन गरि संशोधन सहित पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

मण्डनदेउपुर नगरपालिका कृषि विकास शाखा तर्फका कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ अध्ययन गरि आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१**

Solve Nepal संस्थालाई कृषक तालिम, नमुना कृषि उपकरण हस्तान्तरण तथा उत्कृष्ट कृषक सम्मान कार्यक्रम सञ्चालनका लागि पूर्व स्वीकृति दिने निर्णय गरियो ।

**निर्णय नं. २२**

मानेश्वरी ब्वाइज क्लबलाई गरेको आर्थिक सहयोग अनुमोदनका लागि आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३**

तपसिल बमोजिमका योजना तथा कार्यक्रममा बजेट अपुग भएकोले देहाय बमोजिम अपुग बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | विनियोजित रकम | लागत इस्टिमेट रकम | अपुग रकम |
|---|---|---|---|---|
| १ | औधोगिक ग्राम पहुँच मार्ग ग्राभेल कार्य | २५,००,०००/- | ४०,००,०००/- | १५,००,०००/- |
| २ | नगरभित्रका सार्वजनिक शौचालय मर्मत | १५,००,०००/- | २४,००,०००/- | ९,००,०००/- |

| | | | | |
|---|---|---|---|---|
| ३ | जोगिटार पाटी | २०,००,०००/-<br>(अपर तामाकोशी) | ३०,००,०००/- | १०,००,०००/- |
| ४ | बञ्चरेखोला तिमालटोल योञ्जनटोल टयाकींडाँडा लामाटोल खानेपानी | २६,६०,०००/-<br>५,००,०००/- (वडाबाट) | ५४,६८,५९३.४१/- | २३,०८,५९३.४१/- |

**निर्णय नं. २४**

नगर अस्पतालमा कार्यरत मधु वि.क. को डोजरको टायर मर्मत गर्ने क्रममा बाँया हातको कान्छी औला चुडिएकोले उपचारका लागि आर्थिक सहयोग वापतको रकम बिल भर्पाई बमोजिम भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५**

नगर अस्पतालमा कार्यरत कार्यलय सहयोगी मधु वि.क. लाई नगरपालिका कार्यालयको हल्का सवारी (एम्बुलेन्स) चालकको पदमा सेवा करार गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६**

पशु स्वास्थ्य तथा पशु सेवा व्यवसाय परिषद् निर्वाचनको लागि बागमती प्रदेश हेटौडा आवत जावतमा प्रयोगमा भएको सवारी साधनको भाडा वापत रु. ३०,०००/- अक्षरुपी तीस हजार रुपैया उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २७**

सुदिपा ट्रेडिङ्ग कम्पनी प्रा.लि.ले कर संकलन रसिदको अर्धकट्टी (कार्यालय प्रति) फिर्ता नगरेकोमा फिर्ता गर्न ताकेता गर्ने निर्णय गरियो । सुदिपा ट्रेडिङ्ग कम्पनी प्रा.लि. र तपेश्वर निर्माण सेवाको नाममा महालेखा कार्यालयबाट उल्लेख भएको बेरुजु फर्छ्यौट् गर्न ताकेता पत्र पठाउने निर्णय गरियो ।

**निर्णय नं. २८**

काभ्रेपलाञ्चोक जिल्लामा विपद् (बन डढेलो तथा आगलागी) व्यवस्थापन सम्बन्धि मिति २०८१/१०/१८ मा बसेको बैठकको निर्णय छलफल गरि कार्यन्वयन गर्ने/गराउने निर्णय गरियो ।

**निर्णय नं. २९**

मण्डनदेउपुर नगरपालिकामा करार/दैनिक ज्यालादारीमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, २०८० पहिलो संशोधनको मस्यौदा, २०८१ छलफल तथा आवश्यक संशोधन सहित पारित गर्न आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३०**

प्रस्ताव नं. ३० पालिकाभित्र इशाई धर्मावलम्वीहरुको मृत्युपश्चात लाश दफनका लागि जग्गा उपलब्ध गराउने सम्बन्धि प्रस्ताव आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३१**

क. विवाद दर्ता नं. २३ मिति २०८०/०२/३१ गतेको मिलापत्र बमोजिम दोस्रो पक्ष बिरस लामाले निवेदक जमुना तामाङ (काकी) सँग भएको सहमतीका बुदाहरु पालना गर्न अटेर गरेकोले दुवै पक्षलाई न्यायिक समितिमा बोलाई सो सहमतीको पूर्ण पालना गराउन ताकेता गर्ने साथै न्यायिक समितिको अधिकार अनुसारनै गर्ने/गराउने निर्णय गरियो।

ख. विवाद दर्ता नं. १९ बमोजिम वडा नं. १ छाप स्थानमा रहेको मुहानबाट वडा नं. ५ र ६ का उपभोक्ताहरुको लागि खानेपानी योजना कार्यन्वयनमा विवाद सिर्जना भएकोले न्यायिक समितिले गरेको निर्णय बमोजिम कार्यन्वयन गराउने र अबरोध सिर्जना भएमा जिल्ला प्रशासन कार्यालयसँग सुरक्षा सहयोग लिने निर्णय गरियो ।

ग. न्यायिक समितिले गरेका निर्णय तथा सहमतीहरु कार्यन्वयनको लागि वडा कार्यालय मार्फत नियमानुसार गर्ने/गराउने निर्णय गरियो ।

**निर्णय नं. ३२**

यस मण्डनदेउपुर नगरपालिका वडा नं. ७ बरपिपल स्थानको जग्गामा एक प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र एक प्राङ्गारिक मल कारखाना स्थाषना कार्यक्रम सञ्चालनका लागि उपयुक्त देखिएकोले उक्त कार्यक्रम कार्यन्वयनको लागि नगरपालिकाले व्यहोर्नु पर्ने दायित्व वापतको रकम सुनिश्चित गरि बागमती प्रदेश सरकार कृषि विकास निर्देशानयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३३**

सशस्त्र प्रहरी बल, नेपाल नं. १५ गण हे.क्वा. काभ्रेको विपद् तयारी तथा सहकार्य सम्बन्धि मिति २०८१/११/०४ च.नं. ८४३ को पत्रबाट माग भएको विपद् उद्धारका सामग्रीहरु खरिद गरि उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३४**

नगरकोट नयाँगाउ कुन्ताबेशी सडकमा सवारी सञ्चालनका लागि रुट अनुमती माग भएकोले सञ्चालक समितिसँग आवश्यक कागजात माग गरि नेपाल सरकार यातायात व्यवस्था कार्यालयको मापदण्ड बमोजिम नगरपालिकासँग सम्झौता गरि अनुमती दिने निर्णय गरियो ।

**निर्णय नं. ३५**

खस्रे गुरुङ गाउँ नमुना सामुदायिक होम स्टे संचालनका लागि मण्डनदेउपुर होमस्टे (घरबास) सञ्चालन कार्यविधि, २०७९ बमोजिम नँया वर्ष २०८२ देखि लागु हुने गरि अनुमती दिने निर्णय गरियो ।

**निर्णय नं. ३६**

श्री तपेश्वर मा.वि. मा कार्यरत कार्यालय सहयोगी टोलनाथ ढकालको मिति २०८१/०७/०८ मा निधन भई रिक्त रहेको कार्यालय सहयोगी पदमा दिल कुमारी तिमल्सिनालाई करार नियुक्ति दिने निर्णय गरियो।

**निर्णय नं. ३८ विविध**

क. वडा नं. ११ पाँचपिप्ले स्थित रहेको पिपलबोटले सडक निर्माणमा अप्ठेरो परेकोले र साविक गैह्रथोक भगवती आ.वि. माथि रहेको रबरको बोट पहिरोको कारण विद्यालय र दल बहादुर तामाङको घर समेत जोखिममा रहेकोले उक्त रुखहरु हटाउनको लागि वडा समितिको निर्णय र वडाको सिफारिस प्राप्त भएकोले उक्त रुखहरु हटाउने निर्णय गरियो ।साथै वडा नं. ६ गैरिविसौना माधव न्यौपानेको घर अगाडीको पिपलको रुख पहिरोको कारण बगेर अन्य घरहरु उच्च जोखिममा परेकोले उक्त रुख हटाउनको लागि वडा समितिको निर्णय र वडाको सिफारिस प्राप्त भएकोले उक्त रुख हटाउने निर्णय गरियो ।

ख. नगरपालिकाभित्र दर्ता रहेका उद्योगहरु नियमानुसार २ आ.व. भन्दा बढी समयदेखि निवकरण नगरेका उद्योगहरुलाई सात दिन भित्र नविकरण नगरेमा नगरपालिकाले बन्द गर्ने गरी सूचना जारी गर्ने निर्णय गरियो ।

ग. शिक्षा शाखाको माग बमोजिम तपसिल बमोजिमको रकम भुक्तानि दिने निर्णय गरियो ।

तपसिल

१. शिक्षक कर्मचारी भलिबल प्रतियोगिता अन्तर्गत महिला भलिवल विजेता टोलीलाई पुरस्कार वितरणका लागि खर्च विवरण

| प्रथम | द्बितिय | तृतिय | जम्मा |
|---|---|---|---|
| २०,०००/- | १५,०००/- | १०,०००/- | ४५,०००/- |

२. जिल्ला स्तरिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा विद्यार्थी सहभागिता खर्च विवरण अनुसार थप अपुग रकम शिक्षा, यूवा तथा खेलकुद विकास शाखाको माग गरे अनुसार नगरपालिकाबाट बजेट व्यवस्थापन गरि भुक्तानी दिने निर्णय गरियो ।

| क्र.सं. | शिर्षक | खर्च |
|---|---|---|
| १ | खाना बसाई तथा खाजा खर्च | १,७८,९३०/- |
| २ | खेलाडी जर्सी | ६५,०००/- |
| ३ | टिम दर्ता | १५,०००/- |
| ४ | यातायात खर्च | ३०,०००/- |
| ५ | भलिबल | १४,०००/- |
| | जम्मा | ३,०२,९३०/- |

घ. नगरपालिकामा कार्यरत सुरक्षा गार्डको २०८२ असार मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो।

ङ. वडा नं. ९ मा मण्डन उपत्यका सामाजिक उत्थान समाजको भवन उपभोगमा नरहेको र उक्त भवन जिल्ला प्रशासन कार्यालयमा दर्ता भएकोले वडा नं. ९ को वडा कार्यालय सञ्चालनका लागि उपयोग गर्न जिल्ला प्रशासन कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

च. वडा नं. ३ को स्वास्थ्य चौकी भवन निर्माणको लागि टयांकीडाँडादेखि गैरधारा, जनप्रभात आ.वि. क्षेत्रसम्म वडा कार्यालय आसपास २ रोपनी निशुल्क जग्गा प्राप्तिका लागि सार्वजनिक सूचना प्रकाशन गर्ने र वडा नं. ८ को वडा कार्यालयको भवन बनाउनको लागि निशुल्क जग्गा प्राप्त गर्न सूचना प्रकाशन गरेकोमा निशुल्क जग्गा उपलब्ध नभएकोले नगरपालिकाले विनियोजन गरेको बजेटबाट खरीद/प्राप्ति गर्ने प्रयोजनको लागि प्रारम्भिक अधिकारी तोक्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

छ. बाखा पालनका लागि वडा नं. १ मा रहेको गिधरे कृषि सहकारी संस्था लि. र वडा नं. ९ मा रहेको संघर्षशिल महिला पशु पालन कृषि सहकारी संस्था लि. लाई ५०/५० प्रतिशत लागत साझेदारीमा लागि रु. ३,५०,०००/- (अक्षरुपी तीन लाख पचास हजार रुपैया) का दरले अनुदान दिने निर्णय गरियो ।